नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पी.एस.कोरिया शाखा
भ्वार्को, ललितपुर ।

२०८०/०१/१६

**कृषि तथा पशुपालन (Agriculture & Livestock 2nd) क्षेत्र तर्फको दोश्रो चरणको कोरियन भाषा परिक्षा (EPS-TOPIK-2023, UBT) को नतिजा एवं सीप परीक्षण सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गणतन्त्र कोरिया, श्रम तथा रोजगार मन्त्रालय बीच सम्पन्न समझदारी पत्र (MOU) अनुरुप रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत गणतन्त्र कोरियामा नेपाली कामदार पठाउने सिलसिलामा उम्मेदवारको छनौट गर्न HRD Service of Korea बाट मिति २०७९ फागुन २३ देखि २०८० बैशाख १४ गते (तदानुसार सन् ०७ मार्च, २०२३ देखि २७ अप्रिल, २०२३) सम्म सम्पन्न भएको **कृषि तथा पशुपालन क्षेत्रतर्फको** दोश्रो चरणको कोरियन भाषा (EPS-TOPIK-2023, UBT) परीक्षामा जम्मा २६,८७६ जना परीक्षार्थी मध्ये २४,३२६ जना परीक्षार्थीहरु परीक्षामा सहभागी भएकोमा यसैसाथ संलग्न नामावली बमोजिमका ८,३८० जना परीक्षार्थीहरु उत्तीर्ण भई सीप परीक्षण (Skill Test ) को लागि HRD Service of Korea बाट सूचना प्रकाशित गर्न प्राप्त भएको र परीक्षामा उत्तिर्ण परीक्षार्थीहरुको **UBT भवन, भैसेंपाटी, ललितपुरमा** मिति २०८० बैशाख २५ गते देखि २०८० जेठ ०४ गते (तदानुसार ई. स. ०८ मे, २०२३ देखि १८ मे, २०२३) सम्म देहाय बमोजिमको समय तालिका अनुसार सीप परीक्षण (Skill Test ) हुने र सो पश्चात अन्तिम नतिजा प्रकाशित हुने ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च:-**

१. सीप परीक्षण (Skill Test) मा सहभागी हुन आउँदा आफ्नो सक्कल राहदानी (Passport) र रंगीन प्रवेश पत्र (Admit Card) अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

२. सीप परीक्षणको लागि तोकिएको समय तालिका (Session) भन्दा एक घण्टा अगावै बायोमेट्रीक भेरीफाई (Biometric Verify) को लागि अनिवार्य उपस्थित हुनुपर्नेछ ।

३. तोकिएको समयतालिकामा अनुपस्थित हुने परीक्षार्थीहरुलाई बैकल्पिक ब्यवस्था नहुने भएकोले अनिवार्य उपस्थित हुनुहोला ।

४. विगतमा सीप परीक्षण गर्न आउँदा आँखामा **कलर करेक्सन लेन्स** लगाई आएको कारणले त्यस्ता उम्मेदवारहरु पहिचान भई सीप परीक्षणमा सहभागी हुन नपाएको ब्यहोरा जानकारी गराउँदछौं । सीप परीक्षणमा आउँदा **कलर करेक्सन लेन्स** प्रयोग गरेको पाईएमा HRD Service of Korea र नेपाल सरकारबाट नियमानुसार कारवाही हुने ब्यहोरा समेत जानकारी गराईन्छ ।र, त्यस्ता कार्यमा संलग्नहरुलाई कारवाही गर्नको लागि सुक्ष्म निगरानीको समेत व्यवस्था गरिएको छ।

५. सीप परीक्षण (Skill Test) पश्चात अन्तिम नतिजा प्रकाशन हुनेछ र सोहि समयमा स्वास्थ्य परीक्षण (Medical Checkup) र रोजगार आवेदन फाराम (Job Application Form) भर्ने सम्बन्धि बिस्तृत विवरण प्रकाशित हुनेछ।

(कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु भनेको रोजगार प्रक्रियामा समावेश हुन रोष्टरमा सुचिकृत हुनु मात्र हो। कोरियामा रोजगारीको ग्यारेन्टी होईन । आफ्नो पेशा, व्यवसायलाई निरन्तरता दिनुहोला)।

२०८०/१/१६

ई.पी.एस.कोरिया शाखा